नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

युवा तथा साना व्यसायी स्वरोजगार कोषको सचिवालय

अनामनगर, काठमाडौं

# मोबाइल एपको प्रयोग गरी व्यवसायिक योजना निर्माण गर्ने सम्बन्धी सिलबन्दी दरभाउ प्रस्ताव आह्वान सम्बन्धि सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०२/२७

यस कोषको सचिवालयको लागि आ.व. ०७७/७८ मा देहाय बमोजिमको सेवा लिनुपर्ने भएकाले उल्लेखित कार्य सम्पादन गर्न ईजाजत प्राप्त योग्य तथा ईच्छुक फर्म, संस्था वा कम्पनीबाट रीतपूर्वकको सिलबन्दी दरभाउ प्रस्ताव आह्वान गरिएको छ।

| क.सं. | कामको विवरण | सिलबन्दी दरभाउ प्रस्तावको मूल्य | जमानत | दरभाउ पत्र दाखिला गर्ने र खोलिने मिति |
| --- | --- | --- | --- | --- |
| १. | मोबाइल एपको प्रयोग गरी व्यवसायिक योजना निर्माण गर्ने। | रु १०००/- को रसिद काटी कोष सचिवालयमा निवेदन पेश गरी प्रस्ताव खरिद गर्न सकिनेछ। | रु ३५,०००/- बराबरको जमानत बापत को.ले.नि.का. बबरमहलको नाममा नेपाल राष्ट्र बैंकमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यालय कोड ३४३५१३५०१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबर सिलबन्दी दरभाउ पत्र प्रस्ताव खोलिने मिति बाट कम्तिमा ४५ दिन म्याद भएको वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कोष सचिवालयको पक्षमा जारी भएको बैंक ग्यारेण्टी। | मिति २०७८/०३/१० गते मध्यान्ह १२:०० बजेसम्म दाखिला गरी सोही दिन दिनको २:०० बजे कोष सचिवालयमा खोलिने छ। |

नोटः सिलबन्दी दरभाउ प्रस्ताव फारम यस कोष सचिवालयको प्रशासन शाखाबाट बिक्री गरिने छ। साथै यस सम्बन्धि थप जानकारी कोषको Website:www.ysef.gov.np मा हेर्न वा फोन नं. ४१०२३११ मा सम्पर्क गरी प्राप्त गर्न सकिने छ। सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ। सूचनाको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदाको भोलीपल्ट सोही समयमा प्रस्ताव खोलिने छ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
युवा तथा साना व्यवसायी स्वरोजगार
कोष सचिवालय

नेपाल सरकार
Government of Nepal
युवा तथा खेलकुद मन्त्रालय
Ministry of Youth and Sports
**युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय**
Youth and Small Entrepreneur Self Employment Fund Secretariant

Ref No.: Date:

**कोषसँग सहकार्य गरिरहेका सहकारी संस्थाका सदस्यहरुको मोबाइल एपको प्रयोग गरी व्यवसायिक योजना निर्माण गर्ने सम्बन्धी सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना**

सूचना प्रकाशित मिति :- २०७८/०२/२७

यस युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग सहकार्य गरिरहेका सहकारी संस्थाका सदस्यहरुको मोबाईल एपबाट व्यवसायिक योजना निर्माण गर्नका लागि सिलबन्दी दरभाउ पत्रको माध्यमबाट सेवा खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इजाजत प्राप्त इच्छुक सेवा प्रदायक फर्म, संस्था वा कम्पनीहरुलाई देहायका शर्तहरुको अधिनमा रही रीत पूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. **कामको विवरण :**

कोषले उपलब्ध गराएका कोषसँग सहकार्य गरेका सहकारी संस्थाका १३०० जना सदस्यहरुको मोबाईल एपको प्रयोग गरी व्यवसायिक योजना निर्माण गर्ने ।

२. **सिलबन्दी दरभाउ फारम पाईने स्थान र दस्तुर :**

सिलबन्दी दरभाउ प्रस्ताव फारम यस कोष सचिवालयको प्रशासन शाखाबाट उपलब्ध गराईने छ । रु. १०००/- (अक्षरेपी एक हजार मात्र ) को रसिद काटी कोष सचिवालयमा निवेदन पेश गरी प्रस्ताव खरिद गर्न सकिनेछ ।

३. **जमानत :**

रु ३५,०००/- (अक्षरेपी पैतिस हजार मात्र ) बराबरको जमानत वापत को.ले.नि.का. बवरमहलको नाममा नेपाल राष्ट्र बैंकमा रहेको धरौटी खाता नं.१२०१२००००१००२५२४ युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यालय कोड ३४३५१३५०१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबर सिलबन्दी दरभाउ पत्र प्रस्ताव खोलिने मितिबाट कम्तिमा ४५ दिन म्याद भएको वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कोष सचिवालयको पक्षमा जारी भएको बैंक ग्यारेण्टी ।

४. दरभाउ पत्र दाखिला गर्ने र खोलिने मिति :

मिति २०७८/०३/१० गते मध्यान १२:०० बजेसम्म कोषको प्रशासन शाखामा दाखिला गर्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे कोष सचिवालयमा सिलबन्दी दरभाउ पत्र खोलिने छ । सूचनाको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदाको भोलीपल्ट सोही समयमा प्रस्ताव खोलिने छ ।

५. दरभाउ पत्र दाताको योग्यता :

- फर्म, संस्था, वा कम्पनी VAT मा दर्ता भएको हुनु पर्ने,
- आ.व. २०७६/०७७ सम्मको कर चुक्ता गरेको हुनु पर्ने,
- फर्म, संस्था, वा कम्पनीको व्यवसायिक योजना निर्माण कार्य सम्बन्धी ५ वर्षको कार्य अनुभव भएको हुनु पर्ने,
- मोबाइल एपको प्रयोग गरी व्यवसायिक योजना निर्माण भई प्रयोगमा आएको हुनु पर्ने ।

६. फर्म, संस्था, वा कम्पनीले सिलबन्दी दरभाउ पत्रमा समावेश गर्नु पर्ने कागजातहरुको विवरण

- निवेदन,
- फर्म, संस्था, वा कम्पनी दर्ता प्रमाण पत्र,
- VAT दर्ता प्रमाण पत्र,
- आ.व. २०७६/०७७ सम्मको कर चुक्ता प्रमाण-पत्र,
- फर्म, संस्था, वा कम्पनीको प्रबन्ध पत्र र नियमावली,
- फर्म, संस्था, वा कम्पनीको व्यवसायिक योजना निर्माण कार्य सम्बन्धी ५ वर्षको कार्य अनुभव भएको प्रमाण,
- मोबाइल एपको प्रयोग गरी व्यवसायिक योजना निर्माण भई प्रयोगमा आएको प्रमाण ।
- विगतमा मोबाई एपबाट व्यवसायिक योजना बनाएको अनुभव पत्र र विवरण ।

७. व्यवसायिक योजना निर्माण गर्ने मोबाईल एपको निम्न विशेषताहरु हुनुपर्नेछ :

- छिटो र सजिलो व्यवसायिक योजना तयार गर्न सकिने,
- नेपाली भाषामा सूचना तथा तथ्याङ्क भरी नेपाली भाषामा व्यवसायिक योजना तयार हुनु पर्ने,
- मोबाईल एप परीक्षण गरिएको र प्रयोगमा आई सञ्चालनमा रहेको हुनुपर्ने,
- कम्तिमा ३ वर्षसम्मको व्यवसायिक योजना निर्माण गर्न सक्ने,
- व्यवसायिक योजनमा संलग्न हुनु पर्ने विवरणहरु आवश्यक कुल पूँजी, स्थिर पूँजी, अप्रत्यक्ष खर्च, प्रत्यक्ष खर्च, नाफा/नोक्सान विवरण, पारविन्दु तथा लगानीको प्रतिफल बारे जानकारी दिने,
- प्रतिवेदन तुरुन्तै मोबाईलमा हेर्न, सुरक्षित गर्न र ईमेल पठाउन सकिने,
- बैंक तथा वित्तीय संस्थाले समेत स्वीकार गर्ने ढाँचामा व्यवसायिक योजना तयार हुनु पर्ने,
- मोबाईल एपमा प्रविष्ट गरिएका सूचना तथा तथ्याङ्कलाई भविष्यमा पुनरावलोकन गर्न सकिने,

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय ... स्वरोजगार

- Android मोबाईलमा प्रयोग गर्न सकिने ।

**८. सेवा प्रदायक फर्म, संस्था वा कम्पनीको विशेष जिम्मेवारी**

- कोषलाई सम्बन्धित फर्म, संस्था वा कम्पनीले व्यवसायिक योजना निर्माण गर्ने मोबाईल एप प्रयोगका लागि १ वर्षसम्म पहुँच दिनुका साथै प्राविधिक सपोर्ट गर्नुपर्नेछ ।
- सम्बन्धित व्यवसायीलाई युजर नेम र पासवर्ड १ वर्षका लागि उपलब्ध गराउँनुका साथै प्राविधिक सपोर्ट गर्नुपर्नेछ ।

९. कार्य सम्पादन गर्नु **पर्ने समय सीमाः**

सेवा प्रदायक फर्म, संस्था वा कम्पनीले २०७८ आषाढ २२ गतेसम्म कार्य सम्पादन गरी कोषको कार्यालयमा प्रतिवेदन पेस गर्नु पर्नेछ ।

१०. सिलबन्दी दरभाउपत्र फारममा दररेट अंक र अक्षर दुवैमा केरमेट नगरी स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

११. सिलबन्दी दरभाउपत्र दाताले खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफनो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको भनी लिखित रुपमा स्वघोषणा पेस गर्नु पर्नेछ ।

१२. रीत नपुगेको तथा सूचना अनुसार निर्धारित समयमा पेश हुन नआएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

१३. प्राप्त सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कोषको सचिवालयमा रहने छ ।

१४. दर्ता भएका सिलबन्दी दरभाउ प्रस्तावमा सिलबन्दी दरभाउ पत्र फारममा तोकिएका कागजातहरु हुनु पर्नेछ । दरभाउ पत्र फारममा तोकिएका कागजातहरु नभएमा दरभाउ पत्र मुल्याङ्कन कार्यमा समावेश गरिने छैन ।

१५. यस सूचना तथा सिलबन्दी दरभाउपत्र फारममा उल्लेखित शर्तमा कुनै कुरा बाझिन गएमा सूचनाको शर्तलाई मान्यता दिईने छ ।

१६. सिलबन्दी दरभाउपत्र साथ पेस गरिने कागजातहरु छाँयाप्रति भएमा स्व प्रमाणित गराई सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

१७. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय